आज मिति २०८१ साल पुष २१ गतेका दिन यस सान्नीत्रिवेणी गाउँपालिकाका अध्यक्ष श्री मोहन बहादुर के.सी.ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसि तपसिल बमोजिमको उपस्थितिमा निम्न बमोजिमको प्रस्ताव माथि छलफल गरी सोही आधारमा निर्णयहरू पारित गरियो।

**उपस्थिति:**

| सि.नं. | नाम थर | पद | वडा नं. | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | मोहन बहादुर के.सी. | अध्यक्ष | ९ | 9861932960 | |
| २ | पार्वती सिंह (संज्याल) | उपाध्यक्ष | ६ | 9849662471 | |
| ३ | बैकुण्ठराज गिरी | वडा अध्यक्ष | १ | 9847916809 | |
| ४ | वसन्त बहादुर बुढा | वडा अध्यक्ष | २ | 9858321065 | अनुपस्थित |
| ५ | रंगलाल देवकोटा | वडा अध्यक्ष | ३ | 9848301441 | |
| ६ | देवनाथ योगी | वडा अध्यक्ष | ४ | 9748906314 | |
| ७ | रामराज बम | वडा अध्यक्ष | ५ | 9861655740 | |
| ८ | नहकुल संज्याल | वडा अध्यक्ष | ६ | 9848539844 | |
| ९ | जय प्रसाद सिम्खाडा | वडा अध्यक्ष | ७ | 9848360100 | |
| १० | नौलासिंह बुढा | वडा अध्यक्ष | ८ | 9746528566 | |
| ११ | नरपती तिरुवा | वडा अध्यक्ष | ९ | 9848358542 | |
| १२ | रुपकला शाही | कार्यपालिका सदस्य | ५ | 9865253407 | |
| १३ | जमुना कुमारी सहकारी | कार्यपालिका सदस्य | ९ | 9742261610 | |
| १४ | अम्मकला देवकोटा | कार्यपालिका सदस्य | ३ | 9848330373 | अनुपस्थित |
| १५ | गोमा सिम्खाडा | कार्यपालिका सदस्य | ७ | 9848668602 | |
| १६ | झ्यापा सार्की | कार्यपालिका सदस्य | १ | 9843770226 | |
| १७ | भरत वि.क. | कार्यपालिका सदस्य | १ | 9851155602 | अनुपस्थित |
| १८ | प्रेम बहादुर बडुवाल | सदस्य सचिव | | 9848215358 | |

मोहन बहादुर के.सी
गा.पा. अध्यक्ष

मोहन बहादुर के.सी
गा.पा. अध्यक्ष

**प्रस्तावहरु:-**

प्रस्ताव नं.१:- भुक्तानी बाँकीको कच्चावारी प्रमाणित सम्बन्धमा।

प्रस्ताव नं.२:- सुरक्षा सामग्री खरिद सम्बन्धमा।

प्रस्ताव नं.३:- Biometric Scanner Device खरिद सम्बन्धमा।

प्रस्ताव नं.४:- घरभाडा सम्बन्धमा

प्रस्ताव नं.५:- योजनाहरूको ठेक्का सम्बन्धमा।

प्रस्ताव नं.६:- म्याद थप सम्बन्धमा।

प्रस्ताव नं.७:- पदस्थापन सहमती सम्बन्धमा।

प्रस्ताव नं.८:- योजना माग सम्बन्धमा।

प्रस्ताव नं.९:- इजाजतपत्र सम्बन्धमा।

प्रस्ताव नं.१०:- आर्थिक सहायता सम्बन्धमा।

प्रस्ताव नं. ११ साक्षर गाउँपालिका घोषणा सम्बन्धमा।

**निर्णयहरु:**

**प्रस्ताव नं. १ उपरको निर्णय**

**निर्णय नं. १**

गत आ.व.मा सिर्जना भएका दायित्वहरूको सम्बन्धमा बजेट अभावको कारणले गर्दा भुक्तानी दिन बाँकी रहेको रकमलाई म.ले.प फाराम नं. २२१ भुक्तानी दिन बाँकीको कच्चवारी प्रमाणित भए बमोजिम रकम भुक्तानी दिने निर्णय सर्वसम्मत पारित गरियो।

**प्रस्ताव नं. २ उपरको निर्णय**

**निर्णय नं. १**

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत श्रमिकहरुको सुरक्षाका लागि कार्यस्थल सुरक्षा सामग्री खरिद प्रक्रिया अगाडी बढाउने निर्णय सर्वसम्मत पारित गरियो।

**प्रस्ताव नं. ३ उपरको निर्णय**

**निर्णय नं.१**

यस गाउँपालिकाको सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई विद्युतीय प्रणालीमा आवद्ध गर्न आ.व.२०८१/०८२ को गाउपालिकास्तरीय प्रोफाइल तयार शीर्षकलाई रकामान्तर गरी Biometric Scanner Device खरिद शीर्षक बनाई उक्त Device खरिद गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

**प्रस्ताव नं. ४ उपरको निर्णय**

**निर्णय नं.१**

घरभाडा सम्झौताको सम्बन्धमा नियमानुसार घरभाडा सम्झौताको म्याद थप गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

मोहन बहादुर के.सी
गा.पा. अध्यक्ष

मोहन बहादुर के.सी
गा.पा. अध्यक्ष

**प्रस्ताव नं. ५ उपरको निर्णय**

**निर्णय नं.१**

यस गाउँपालिकाबाट सञ्चालन हुने देहाय बमोजिमका योजनाहरूलाई विद्युतीय बोलपत्र (e-bidding) आह्वान गरी ठेक्का प्रक्रिया अगाडी बढाउने निर्णय सर्वसम्मत पारित गरियो।

*क. ९ नम्बर वडा कार्यालय भवन निर्माण*

*ख. गभर्नर आधारभूत विद्यालय भवन निर्माण वडा नं. ६*

*ग. खोलिखेत खोला देखि मालेखोला सम्म सडक निर्माण*

*घ. लुयाटा देखि रकु सम्म सडक निर्माण*

*ङ. ऐजेरु डाँडा हुँदै डुले सडक निर्माण, सान्नीत्रिवेणी गाउँपालिका ३ कालिकोट*

*च. जेनेरेटर खरिद*

**प्रस्ताव नं. ६ उपरको निर्णय**

**निर्णय नं.१**

यस गाउँपालिकामा निर्माणाधिन प्रशासकीय भवन निर्माणको ठेक्का नं. STRM/WORKS/2077-078/NCB-07 को श्री नेपाल पब्लिक सर्मिला जे.भि. महालक्ष्मी ललितपुर नेपालले सम्झौता बमोजिम तोकिएको समयभित्र काम सम्पन्न गर्न नसकेको हुँदा पहिलोपटक ६ महिनाको म्याद थप गरी पुन काम सम्पन्न नभएको हुँदा उक्त जे.भि. लाई ६ महिनाको म्याद थप गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

**निर्णय नं.२**

यस गाउँपालिकाबाट आर्थिक वर्ष २०८०/०८१ मा सञ्चालित गैडाखोला चलेनीडाँडा झोलुङ्गे पुल र राकेवडार झोलुङ्गे पुल निर्माणको लागि बाह्य समान खरिद गर्नको निमित्त श्री लुम्बिनी इन्जिनियरिङ वर्कशप प्रा. लि. बुटवल-१० नेपालले सम्झौता बमोजिम तोकिएको समयावधिमा समानहरु ढुवानी गर्न नसकेको हुँदा उक्त प्रा.लि. लाई थप ३ महिनाको म्याद थप गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

**प्रस्ताव नं. ७ पदस्थापन सहमती सम्बन्धमा**

**निर्णय नं.१**

प्रस्ताव नं. ७ उपर छलफल गर्दा यस गाउँपालिकामा कामकाजमा कार्यरत देहायबमोजिमका कर्मचारीहरूलाई कर्णाली प्रदेश सरकारबाट जारि गरिएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १३६(१) को सहमती प्रदान गर्ने प्रयोजनार्थ निजहरुको साविककै सेवा, समूह र तहमा पदस्थापन गर्ने सहमती प्रदान गर्ने तथा सोको जानकारी र सिफारिस मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वीरेन्द्रनगर सुर्खेतलाई गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

मोहन बहादुर के.सी
गा.पा. अध्यक्ष

CamScanner

मोहन बहादुर के.सी
गा.पा.अध्यक्ष

| क्र.सं. | कर्मचारीको नाम थर | सेवा/ समूह | पद/ तह | क.सं. नं. | दरबन्दी रहेको स्थानीय तह | कामकाज रहेको स्थानीय तह |
|---|---|---|---|---|---|---|
| १. | मोहनविर थामी | शिक्षा सेवा / शिक्षा प्रशासन | प्राविधिक सहायक पाँचौ | २३९१०९ | पचाल झरना गाउँपालिका | सान्नीत्रिवेणी गाउँपालिका |
| २. | कपिलराज संज्याल | प्रशासन/ सामान्य प्रशासन | सहायक चौथो | २४३३५५ | तिलागुफा नगरपालिका | सान्नीत्रिवेणी गाउँपालिका |

**प्रस्ताव नं. ८ उपरको निर्णय**

**निर्णय नं.१**

प्रस्ताव नं. ८ माथि आ. व. २०८१/०८२ को लागि देहायबमोजिमका योजनाहरूको बजेट माग गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

*क. गाउँपालिका देखि मुग्रासम्म सडक स्तरोन्नती*

*ख. लुयाटाखोला देखि रकुसम्म सडक निर्माण (सान्नीत्रिवेणी वडा नं. २ र ३)*

*ग. पाँच शैयाको आधारभूत अस्पताल निर्माण*

**प्रस्ताव नं. ९ उपरको निर्णय**

**निर्णय नं.१**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा एक.के. डी इन्जिनिएरिङ कन्सलटेन्सी एण्ड कन्ट्रक्सन प्रा. लि.ले सान्नीत्रिवेणी गाउँपालिका वडा नं. ५ ले सबै प्रक्रियाहरु पुरा गरी आएको हुँदा ईजाजत पत्र दिने निर्णय सर्वसम्मत पारित गरियो।

**प्रस्ताव नं. १० उपरको निर्णय**

प्रस्ताव नं १० माथि छलफल गर्दा मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालनको क्रममा काम गर्दा गर्दै घाइते वडा नं. ९ की श्री मोना लुवारलाई यस गाउँपालिकाको तर्फबाट रु. ३० हजार आर्थिक सहायता दिने निर्णय सर्वसम्मत पारित गरियो।

**प्रस्ताव नं. ११ उपरको निर्णय**

प्रस्ताव नं ११मा छलफल गर्दा यस सान्नीत्रिवेणी गाउँपालिकाका १५ वर्षदेखि ६० वर्ष उमेरका प्रोढहरु ९५ प्रतिशत भन्दा बढी साक्षर रहेकाले यस गाउँपालिकालाई यही मिति २०८१ माघ १३ गतेका दिन कार्यक्रम आयोजना गरी साक्षर गाउँपालिका घोषणा गर्ने र साक्षर गाउँपलिका घोषणा पश्चात आजिवन सिकाई अन्तर्गतका विभिन्न क्रियाकलापहरू यस गाउँपालिकाका सबै वडाहरूमा नेपाल सरकारले तोके बमोजिमका कार्यक्रमहरू निरन्तर रुपमा सञ्चालन गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

मोहन बहादुर के.सी
गा.पा.अध्यक्ष